## त्रिभुवन विश्वविद्यालय

## परीक्षा नियन्त्रण कार्यालय,बल्खु

### ३ वर्षे स्नातक तह प्रथम,दोस्रो र तेस्रो वर्षको प्रयोगात्मक परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फारम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अर्न्तगत संचालित व्यवस्थापन, शिक्षा शास्त्र, मानविकी तथा सामाजिक शास्त्र संकाय र विज्ञान तथा प्रविधि अध्ययन संस्थान तर्फका तिन (३) वर्षे स्नातक तहका सवै कार्यक्रम वन्द भई सकेको तर कतिपय विद्यार्थीहरुको प्रथम, दोस्रो र तेस्रो वर्षको सवै सैद्धान्तिक विषय उतिर्ण गरी प्रयोगात्मक परीक्षा, प्रोजेक्ट वर्क तथा शिक्षण अभ्यास मात्र वाँकी रहेको अवस्था भएकोले २०५३ साल देखिका (सात वर्ष समय सिमा नाघि सकेका विद्यार्थीहरुको लागी मात्र) २०७९ माघ १० गते देखि २०७९ फाल्गुन ९ गते सम्म तोकिएको दस्तुर सहित क्याम्पस/कलेजहरुले परीक्षा फारम भराई सम्वन्धित परीक्षा नियन्त्रण कार्यालयमा वुझाउनका साथै प्रयोगात्मक परीक्षा, प्रोजेक्ट वर्क तथा शिक्षण अभ्यासको सम्पूर्ण प्रकृया पूरा गरी २०७९ चैत्र १५ गते भित्र परीक्षा नियन्त्रण कार्यालयमा वुझाउन हुन यसै सूचना द्वारा जानकारी गराईन्छ ।

**१) परीक्षा शुल्क सम्वन्धमा:-**

| | |
|---|---|
| **क** ) प्रयोगात्मक परीक्षा प्रति खण्ड विषयका लागि शुल्क | **रु १५०/-** |
| **ख**) दुइ वा सोभन्दा बढी विषयका लागि प्रयोगत्मक परीक्षा | **रु २७५/-** |
| **ग**) फिल्ड वर्क, टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क | **रु २७५** |
| **घ**) शिक्षण अभ्यास शुल्क | **रु ३५०/-** |

**(रु३५०/-मध्ये रु ५०/- प.नि.का.बल्खु , रु १५०/- शिक्षा शास्त्र डिन कार्यालय र रु १५०/- सम्वन्धित क्याम्पसमा राख्ने )**

**२) परीक्षा शुल्क बुझाउने सम्वन्धमा:-**

**क**) काठ्माण्डौ उपत्यका भित्रका क्याम्पसहरुले त्रि.वि.कीर्तिपुर/बल्खु परिसर भित्र रहेका ग्लोवल आई.एम.ई.वैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल वैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००१ मा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम जम्मा गरेको वैंक भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा वुझाउनु पर्नेछ ।

**ख**) काठमाण्डौ उपत्यका बाहिरका क्याम्पसहरुले वल्खु स्थित नेपाल बैंक लिमिटेड अथवा ग्लोवल आई.एम.ई.बैंक लि.बल्खु शाखाबाट अथवा काठमाण्डौ उपत्यका भित्रका कुनै पनि बैंकवाट भुक्तानी पाउने गरी त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयको नाममा बैंक भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा वुझाउनु पर्नेछ ।

Tribhuvan University
Office of the Controller of Examinations
Balkhu, Kathmandu

**ग)** क्षे.प.नि.का.विराटनगर क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्वन्धि सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, विराटनगर च.हि.नं.१०४००१००९२२१२००००००१ नेपाल बैंक लिमिटेड, बजारअड्डा शाखा , विराटनगरमा रकम बुझाएको बैंक भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

**घ)** क्षे.प.नि.का.नेपालगञ्ज क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्वन्धि सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय ,नेपालगञ्जको च.हि.नं.२१०१०१००००००७६ ग्लोवल आइ.एम.इ.बैंक लिमिटेड, त्रिभुवन चोकमा रकम बुझएको बैंक भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

**ङ)** क्षे.प.नि.का.पोखरा क्षेत्रका क्याम्पर्सहरुले परीक्षा सम्वन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पोखराको च.हि.नं. ०९१००१०११०१३४००००००१ नेपाल बैंक लिमिटेड बगर शाखा, पोखरामा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरेको बैंक भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

**च)** क्षे.प.नि.का.अत्तरियाको हकमा काठमाण्डौ त्रि.वि.प.नि.का.वल्खु परीसरमा रहेको ग्लोवल बैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल बैंक लिमिटेड आम्दनी खाता नं. ०४५००१०००९९१०८००००००१ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी त्रि.वि.प.नि.का.को नाममा बैंक भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

परीक्षा नियन्त्रक